# नेपाली सैनिक अल्पसेवा नियमावली, २०४१

(मिति २०७४ फागुन मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# नेपाली सैनिक अल्पसेवा नियमावली, २०४१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०४१।९।२४

संशोधन
सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "नेपाली सैनिक अल्पसेवा नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "प्रवर समिति" भन्नाले सैनिक प्राविधिक सेवा नियमहरु, २०१९ को नियम ४ बमोजिम गठन हुने प्रवर समिति सम्झनुपर्छ ।

(ख) "प्राविधिक पद" भन्नाले नेपाली सेनाको प्राविधिक उप-सेनानी र प्राविधिक सह-सेनानीको पद सम्झनुपर्छ ।

(ग) "बेसिक तालिम" भन्नाले ◆जङ्गी अड्डाबाट बेसिक तालिम भनी निर्धारण गरेको तालिमलाई सम्झनुपर्छ ।

३. नियुक्ति : (१) प्रवर समितिले सैनिक प्राविधिक सेवा नियमहरु, २०१९ मा तोकिएका योग्यता भएका व्यक्तिमध्येबाट छनौट गरी प्राविधिक उप-सेनानीमा नियुक्तिको लागि सिफारिस गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस गरिएको उम्मेदवारलाई नेपाल सरकारले नियुक्ति दिनेछ ।

४. सेवा अवधि : अल्पसेवाको अवधि पाँच वर्षको हुनेछ ।

५. स्थायी सेवामा नियुक्ति : अल्पसेवामा नियुक्ति भएको व्यक्ति प्रवर समितिको सिफारिसमा नेपाली सेनाको रिक्त प्राविधिक पदमा स्थायी नियुक्ति हुन सक्नेछ ।

६. बढुवा : अल्पसेवाको प्राविधिक उप-सेनानीमा दुई वर्षको सेवा अवधि पूरा गरी सकेका र बेसिक तालिम प्राप्त गरेका व्यक्तिलाई अल्पसेवाको प्राविधिक सह-सेनानीमा बढुवा गर्न सकिनेछ ।

---

◆ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

७.	<u>स्थायी नियुक्ति भएमा अल्पसेवाको अवधि गणना गरिने</u> : नियम ५ बमोजिम स्थायी नियुक्ति भएमा अल्पसेवामा रही काम गरेको पूरै अवधि स्थायी सरह गणना गरिनेछ ।

८.	<u>सहुलियत</u> : अल्पसेवामा काम गर्ने व्यक्तिले नेपाली सेनाले पाउने सबै सहुलियत र सुविधा पाउनेछ ।

९.	<u>बचाउ</u> : यस नियमावलीमा लेखिएको कुरा यसै नियमावली बमोजिम र अन्य कुरा सैनिक सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

<u>द्रष्टव्य</u> : १.	केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२.	सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" ।

३.	सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा नियमावलीको ठाउँ ठाउँमा रहेका "शाही" भन्ने शब्द झिकिएको ।